मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या: २०७६/७७
चलानी नं.:

मिति : २०७६/०५/१७

# सेवा करार सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७६/०५/१८

मर्स्याङदी गाँउपालिकाको लागि पशु सेवा तथा कृषि शाखामा रहने गरी तपशिल बमोजिमको पदमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | बिज्ञापन नं. | पद | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | २ - २०७६/०७७ | कृषि प्राविधिक अधिकृत सातौं तह | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई स्नातक तह (बि.एस्सी.एग्री.) वा सो सरह उत्तीर्ण |
| २ | ३ - २०७६/०७७ | पशु स्वास्थ्य प्राविधिक अधिकृत सातौं तह | १ (एक) | पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.एजी. उत्तीर्ण वा वि.टेक. (डेरी टेक्नोलोजी) वा वि.भि.एस्सी. एण्ड ए.एच. वा वि.भि.एस्सी/डि.भि.एम. वा वि.टेक.एड. (लाईभष्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण |
| ३ | ४ - २०७६/०७७ | पशु स्वास्थ्य प्राविधिक सहायक पाचौं तह | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह ( आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ वर्षको अवधिको डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण |
| ४ | ५ - २०७६/०७७ | कृषि प्राविधिक सहायक पाचौं तह | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह ( आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण |

१. **शर्त/मापदण्ड** :- नेपाली नागरिक हुनुपर्ने । प्रचलित कानुनद्धारा अयोग्य नभएको हुनुपर्ने ।

२. **परिक्षाको किसिम** : लिखित तथा अन्तर्वार्ता ।

३. **आवेदन दिने मिति र स्थान** :- सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन सम्म कार्यालय समयमा । अन्तिम दिन सार्वजनिक बिदाको दिन परेमा त्यसको भोलिपल्ट गाउँकार्यपालिकाको कार्यालय, भुलभुले, लमजुङ ।

४. **सम्पर्क मिति**: म्याद समाप्त भएको भोलिपल्ट ।

५. **काम गर्नु पर्ने स्थान र कार्य विवरण**:- गाउँपालिका भित्र वा गाउँपालिकाले खटाएको जुनसुकै क्षेत्रमा गाउँपालिकासँग भएको करार सम्झौता बमोजिम हुने ।

६. **सेवा सुविधा** :- नेपाल सरकारले तोके बमोजिम वा करार सर्तमा उल्लेख गरिएबमोजिम हुने ।

७. **उमेर** :- क) सहायक पद दरखास्त दिने अन्तिम मितिसम्म न्यूनतम उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको)

ख) अधिकृत सातौं दरखास्त दिने अन्तिम मितिसम्म न्यूनतम उमेर २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको)

८. **करार अवधि**:- करार सम्झौतामा उल्लेख गरिने ।

९. **दरखास्त फारम साथ पेश गर्नु पर्ने अन्य आवश्यक कागजातहरु** :- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, उम्वेदवारको व्यक्तिगत विवरण, न्यूनतम शैक्षिक योग्यतको प्रमाणित प्रतिलिपी, कार्यअनुभव भए कार्यअनुभवको प्रमाणपत्र, प्राविधिक कार्यका लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) तथा प्रचलित कानुन बमोजिम अन्य कागजातहरु ।

१०. **दरखास्त्र दस्तुर बापतको रकम** यस गाउँपलिकाको कार्यालयमा बुझाई सो को सक्कल रसिद दरखास्त फारम साथ राखी पेश गर्नु पर्नेछ ।

११. **दरखास्त फारम तथा सूचना** यस गाउँपालिका कार्यालयको वेभसाइट https://www.marsyangdimun.gov.np/ बाट समेत प्राप्त गर्न र हेर्न सकिनेछ र थप जानकारीका लागि फोन नं. ०६६६२००२३ मा सम्पर्क गर्न सकिनेछ । अनलाइन आवेदन फारम http://bit.ly/2jYG18W मा समेत उपलब्ध छ ।

१२. छनौट भएको उम्मेदवारहरुसँग ७ दिनभित्र सेवा करार सम्झौता गरी कार्य प्रारम्भ गर्नुपर्नेछ । यदि सो मिति भित्र सम्झौता गर्न नआएमा योग्यता क्रममा रहेका बैकल्पिक उम्मेदवारहरुसँग सम्झौता गर्न सकिन्छ ।

१३. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. कर्मचारी छनौट सम्वन्धी सम्पूर्ण अधिकार गाउँपालिकासँग निहित हुनेछ ।

- **आवेदन शुल्क** :- अधिकृत सातौं र सहायक पाचौं तह तह क्रमश रु.१०००, रु .४०० ।

०७६/५/१७
खेमराज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत